
# प्रेम नै सारा व्यवस्था वा दश आज्ञालाई पूरा गर्ने नीति हो



## शबाथ दउिसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *प्रस्थान २०:१-१७; रोमी ६:१-३; रोमी ७:७-१२; यर्मिया ३१:३१-३४; मत्ती २३:२३, २४; याकूब २:१-९।*

**याद गर्नुपर्ने पद: "कोही मानिस पनि कसैप्रति ऋणी नहुनू। तर ऋणी नै हुनुपर्छ भनेर एक आपसलाई प्रेम गरेर प्रेमको ऋण चुक्ता गर्नू। जसले एक आपसमा प्रेम गर्छ उसले सबै व्यवस्थालाई पालन गरेको ठहर्छ।"** *(रोमी १३:८ रूपान्तरित)*।

जब एउटा चर्चको संचालक समिती बसिरहेको थियो, तिनीहरूले समस्या दिने चर्च सदस्यको बारेमा छलफल गरिरहेको थिए। कसैले पास्टरलाई यो सुनाए, "दया वा करुणालाई आधार बनाएर हामी निर्णय गर्न सक्दैनौं।" *हो त?* परमेश्‍वर र उहाँका व्यवस्थाको बारेमा यस मानिसको बुझाइ के रहेछ भनेर पास्टरले सोचे। मानिसहरूसँग गर्ने कारोबारमा दया र करुणालाई केन्द्रबिन्दु बनाउनुपर्छ। विशेष गरेर चर्चका गल्ती गर्ने सदस्यप्रति हामी बढी संवेदनशील हुनुपर्दछ। करुणा, कृपा र माया सबै प्रेमको पोकोभित्र पर्दछ। अनि रोमी १३:८ले हामीलाई बताउँदछ कि छिमेकीलाई प्रेम गर्नु नै व्यवस्थालाई पूरा गर्नु हो।

यदि प्रेम गर्न नै व्यवस्था वा दश आज्ञालाई पूरा गर्नु हो भने व्यवस्थालाई प्रेमबाट अलग गर्न सकिँदैन भनेर हामीले सोच्नुपर्दछ। अर्थात् प्रेम मात्र गरे पुगिहाल्छ नि; व्यवस्था किन पालन गर्नुपर्छ वा प्रेम व्यवस्थासँग जोडिएको छैन भनेर सोच्नु पनि खतरा नै मान्नुपर्दछ। व्यवस्था दिनुहुने परमेश्‍वर नै प्रेम हुनुभएकोले परमेश्‍वरको व्यवस्था प्रेमको व्यवस्था हो। एलेन जी. ह्वाइटले *क्राइस्ट अब्जेक्ट लेसनसको* पृ. ३०५मा उल्लेख

गर्नुहुन्छ, "परमेश्वरको व्यवस्था उहाँको चरित्रको प्रतिलिपि हो।"

परमेश्वरको व्यवस्था कुनै अदृश्य वा छोपिएका धार्मिक रीति, रिवाज वा विधि होइन जसलाई केवल पास्टर वा धर्मका गुरुहरूले मात्रै मान्ने हो। यो समस्त मानव कल्याणको निम्ति आदेश, शिक्षा र दीक्षा हो। यो मानिसहरूको हितको निम्ति हो वा तिनीहरू यस संसारमा कुन चालमा हिँड्नुपर्छ भनेर देखाउने मार्ग निर्देशन हो। परमेश्वरको व्यवस्था उहाँको प्रेमको प्रकटीकरण हो।

# प्रेमको व्यवस्था वा मौलिक नीति

परमेश्वरको प्रेममा कुनै छोपिएका, अमूर्त, अव्यवहारिक नीति वा धारणाहरू छैनन्। परमेश्वरको व्यवस्थाले उहाँसँगको सम्बन्धलाई प्रकट गर्दछ। दश आज्ञालाई हामीले केलाएर हेर्न सक्यौं भने तिनीहरूले त्यो धारणालाई खुलस्त गर्दछन्। दश आज्ञाका आधारभूत नीतिहरू अदनको बगैँचामा राखिएका थिए। परमेश्वर र मानिससँगको सम्बन्ध र एक आपसको सम्बन्धमा हुनुपर्ने नीति प्रेमकै नीतिहरूअनुसार चल्नुपर्छ भनेर दश आज्ञामा कोरिएको छ।

जब इस्राएलीहरूलाई दश आज्ञा पत्थरमा खोपेर दिइएको थियो, त्यो तिनीहरूसँगको करारको सम्बन्धको परिवेशमा दिइएको थियो जुन प्रस्थान २०मा छ। परमेश्वरले उहाँका जनहरूलाई मिश्रबाट उद्धार गरेपछि उहाँले दश आज्ञा लेखेर तिनीहरूलाई सुम्पिनुभएको थियो। ती आज्ञाहरू परमेश्वरका प्रेममा आधारित थिए र यदि यहूदी राष्ट्रले त्यसलाई पालन गर्‍यो भने तिनीहरूले पाउने आशिष्‌हरू प्रतिज्ञा गरिएको थियो *(प्रस्थान ६:७, ८; लेवी २६:१२)*। दश आज्ञामा भएका दुई भागहरूले परमेश्वर र मानिसको सम्बन्ध र मानिस र मानिसहरूको बिचको सम्बन्धलाई कसरी सुमधुर राख्ने भन्ने लक्ष्य प्रस्तुत गर्दछ।

पढ्नुहोस्: **प्रस्थान २०:१-१७ पढ्नुहोस्। परमेश्वर र मानिसको बिचमा हुनुपर्ने प्रेमिलो सम्बन्ध र मानिस र मानिसका बिचमा हुनुपर्ने प्रेमिलो सम्बन्धका नीतिहरू ती दश आज्ञाहरूले कसरी प्रष्ट पार्दछन्?**

________________________________________

________________________________________

प्रथम चार आज्ञाहरू मानिसहरूले परमेश्वरसँग कस्तो सम्बन्ध राख्नुपर्छ भनेर देखाउँछन् भने अन्तिम छ आज्ञाहरू मानिस र मानिसका बिचमा हुनुपर्ने आचरण वा व्यवहारलाई देखाउँछन्। परमेश्वरसँग र अरूहरूसँगको सम्बन्धका नीतिहरू परमेश्वरका दश आज्ञा वा नीतिहरू सम्मत हुनुपर्दछ।

व्यवस्थाका ती दुई भागहरूलाई येशूले सिधै सबभन्दा महान् आज्ञाहरू भनेर सम्बोधन गर्नुभएको थियो। "तिमीले तिम्रा परमेश्वरलाई तिम्रो हृदयदेखि नै प्रेम गर्नू"

*(मत्ती २२:३७; यसलाई व्यवस्था ६:५सँग तुलना गर्नुहोस्)* र "तिम्रो छिमेकीलाई तिमीले आफैलाई प्रेम गरेको जस्तै प्रेम गर्नू" *(मत्ती २२:३९ रूपान्तरित; यसलाई लेवी १९:१८सँग तुलना गर्नुहोस्)*।

हामीहरूका सम्पूर्ण आयामले परमेश्वरलाई कसरी प्रेम गर्नुपर्छ भनेर पहिलो चार आज्ञाहरूले सिकाउँदछन् भने अन्तिम चार आज्ञाहरूले अरूहरूलाई हामी आफैलाई जस्तो कसरी प्रेम गर्नुपर्छ सो भन्दछन्। ती दुई आज्ञाहरू महान् प्रेममा नै बुनिएका छन् भनेर येशूले स्पष्ट पार्नुभएको छ। "ती दुई आज्ञाहरूमा नै सबै व्यवस्था वा आज्ञा र अगमवक्ताहरूका शिक्षाहरू झुण्डिएको हुन्छ" *(मत्ती २२:४० रूपान्तरित)*।

परमेश्वरको व्यवस्थाको सम्पूर्ण पक्ष नै परमेश्वरको प्रेममा आधारित छ। परमेश्वरका प्रेम र व्यवस्थालाई अलग गर्न सकिँदैन। कतिपय इसाईहरूले नै यो सिकाउँदछन् कि *हामीले दश आज्ञाहरूलाई पालन गर्नुपर्दैन। हामी केवल परमेश्वर र अरूहरूलाई प्रेम गरे पुग्छ।* यो धारणामा किन अर्थ छैन?

**दश आज्ञाहरूका कुनै पनि बुँदालाई हामीले उल्लङ्घन गरेर चल्यौं भने हामी परमेश्वर र अरूहरूलाई हाम्रो प्रेम कसरी व्यक्त गर्न सक्छौं त?**

# परमेश्वरको व्यवस्था वा दश आज्ञा पवित्र, धर्मी र असल छ

परमेश्वरको व्यवस्था वा दश आज्ञाको जग नै प्रेम हो। जब परमेश्वरले व्यवस्थालाई समर्थन गर्नुहुन्छ वा कायम गर्नुहुन्छ तब प्रेमलाई पनि उहाँले कायम राख्नुहुन्छ। व्यवस्थालाई उचाल्नु भन्नुको अर्थ प्रेमलाई उचाल्नु हो। त्यसैकारण व्यवस्थाअनुसार नचलेर पापी हुनेहरूका निम्ति येशू मर्नुभएको थियो। उहाँले हामीलाई उहाँको अनुग्रह उपलब्ध गराउनुभएर उहाँले व्यवस्थालाई उचाल्नुभएको छ। यसरी उहाँ न्यायी हुनुहुन्छ, र उहाँलाई विश्वास गर्नेहरूलाई उहाँले निर्दोष ठहऱ्याउनुहुन्छ *(रोमी ३:२५, २६)*। व्यवस्थालाई कायम गर्दै प्रेमलाई व्यक्त गर्ने येशूका नीति कस्तो अपरम्पारको छ! मुक्तिको प्रक्रियाले व्यवस्थालाई अपाङ्ग बनाएको छैन तर व्यवस्था कायमै छ भनेर येशूले स्पष्ट गर्नुभएको थियो।

पढ्नुहोस्: **रोमी ६:१४ पढ्नुहोस्, त्यसपछि रोमी ७:७-२५ पढेर विशेष गरी १२ पदमा ध्यान दिनुहोस्। कतिपय विद्वान तथा ठूला-ठूलो प्रचारक इसाईहरूले नै येशू क्रूसमा मर्नुभएपछि दश आज्ञाको औचित्य खारेज भयो भनेर सिकाउँदछन्। तर यी पदहरूले व्यवस्था वा दश आज्ञाकै बारेमा पावलले के जिकिर गर्दछन्? के येशू मर्नुभएपछि दश आज्ञा खारेज भयो त?**

यो दुःख लाग्दो शिक्षा हो कि प्रायः जसो सबै इसाई सम्प्रदाय वा डिनोमिनेशनहरूले अनुग्रह र मुक्तिले गर्दा परमेश्वरका दश आज्ञालाई निकम्मा बनाएको छन्। हामीले पापलाई निरन्तरता दिनुहुन्न भनेर पावलले जिकिर गर्दछन्। पापलाई निरन्तरता दियौं भने हामीमा अनुग्रह बढ्छ भन्ने धारणा बाइबलले सिकाउँदैन। तर येशू ख्रीष्टलाई विश्वासद्वारा ग्रहण गर्नेले येशूको मृत्युमा बप्तिस्मा लिएको हुन्छ, त्यसकारण त्यस मानिसको निम्ति पाप मरेको हुन्छ र येशूमा जीवित भइरहेको हुन्छ।

परमेश्वरको व्यवस्था वा दश आज्ञा पाप होइन। तर अरू कामहरूमध्ये दश आज्ञाले पाप के हो भनेर औँल्याउँछ र हामीमा भएको पापलाई दश आज्ञाले पर्दाफास गर्दछ। त्यसैकारण, पावलले दश आज्ञाको गरिमालाई उचालेर यो भावना व्यक्त गर्दछन्, "व्यवस्था वा दश आज्ञा पवित्र छ, परमेश्वरको आज्ञा पवित्र, न्यायी र असल छ" *(रोमी*

*७:१२)*। अरू कुनै पनि धर्म, दर्शन र विद्याले भन्दा दश आज्ञाले हामीलाई मुक्ति धेरै खाँचो छ भनेर प्रकट गर्दछ। हामीलाई पापको चङ्गुलबाट उद्धार गर्नुपर्छ तर त्यो पाप के हो त भन्दा दश आज्ञाले नै औँल्याउँछ। येशू ख्रीष्टद्वारा नै मुक्ति र उद्धार हामी पाउँछौं वा पापबाट हामीले राहत पाउँछौं। त्यसैकारण वा कुनै विश्वास वा निष्ठाले दश आज्ञालाई निकम्मा बनाउँदैन। तर त्यसको विपरित दश आज्ञालाई हामी स्थापित गर्छौं वा कायम राख्छौं *(रोमी ३:३१)*।

येशू ख्रीष्ट दश आज्ञालाई खारेज गर्न आउनुभएको थिएन तर दश आज्ञामा दिएको प्रतिज्ञालाई पूरा गर्न उहाँ आउनुभएको थियो। उहाँले अगमवक्ताहरूका वचनहरूलाई पनि पूरा गर्नुभएको थियो। येशूले नै यो जिकिर गर्नुभएको छ: "जबसम्म स्वर्ग र पृथ्वी टलेर जाँदैन" तबसम्म "कुनै किसिमले व्यवस्थाबाट एउटा मात्रा वा एउटा बिन्दु टल्नेछैन।" *(मत्ती ५:१८)*।

परमेश्वरको व्यवस्था वा दश आज्ञा आफैले परमेश्वरको पवित्रताको प्रतिनिधित्व गर्दछ। उहाँको प्रेमको चरित्र सिद्ध छ, उहाँ धर्मी हुनुहुन्छ, उहाँ असल हुनुहुन्छ, र उहाँ नै सत्य हुनुहुन्छ *(लेवी १९:२; भजनसंग्रह १९:७, ८; भजनसंग्रह ११९:१४२, १७२)*। प्रस्थान ३१:१८ अनुसार दश आज्ञालाई ढुङ्गाका पाटीहरूमा परमेश्वर आफैले लेख्नुभएको थियो भन्ने सन्देश अत्यन्तै महत्त्वपूर्ण मान्नुपर्छ। परमेश्वरको अपरिवर्तनीय चरित्र र नैतिक राज्य प्रणालीलाई दश आज्ञाले नै साक्षीको रूपमा प्रकट गरिरहेको हुन्छ। परमेश्वरको शासन प्रेमको जगमा नै आधारित छ। शैतानले त्यसलाई चुनौति दिँदा नै महान् द्वन्द्वको सुरुवात भएको थियो।

**"यदि तिमीहरूले मलाई प्रेम गर्छौ भने मेरा आज्ञाहरू पालन गर"** *(यूहन्ना १४:१५)* **भन्ने येशूको कथनले दश आज्ञा र प्रेम कसरी बुनिएको रहेछ भनेर हामीलाई कसरी सिकाउँछ?**

___________________________________________

# अनुग्रह र दश आज्ञा

दश आज्ञा र अनुग्रह एक आपसमा विरोध गर्दैन भनेर हामीले हेऱ्यौं। तर त्यसको विपरित परमेश्वरको प्रेम र न्यायका विभिन्न पक्षहरूलाई खुलाएर मानिसहरूलाई अत्यावश्यक आत्मज्ञान प्रदान गरिन्छ। यदि व्यवस्था र अनुग्रहको बीचमा सरासर बाझिन्थ्यो भने त्यसले पौराणिक इस्राएलीहरूलाई अन्यौलता खडा गराउँथ्यो। परमेश्वरले दिनुभएका व्यवस्था वा दश आज्ञा नै उहाँका महान् अनुग्रहको प्रदर्शन भनेर तिनीहरूले बुझेका थिए। तिनीहरूका छिमेकी राष्ट्रहरूका [वा अहिले पनि] देवीदेवताहरू अस्थिर, अस्थायी र तिनीहरूका मिजासहरू पूरै भन्न नसकिने खालका छन्। ती देवीदेवताहरूलाई कसरी खुशी पार्ने वा तिनीहरूले के चाहन्छन् भन्ने कुरामा तिनीहरू अन्यौलमा थिए। त्यसको विपरित बाइबलका परमेश्वरले उहाँलाई कसरी प्रसन्न हुनुहुन्छ भनेर उहाँका जनहरूलाई स्पष्ट रूपमा निर्देशनहरू दिनुभएको छ। उहाँका जनहरूका सर्वोपरी हित र कल्याण हुनु नै उहाँलाई खुशी पार्ने नीति हो। चाहे व्यक्तिगत होस् वा सामूहिक होस्, उहाँ चाहनुहुन्छ कि सबै मानिस सुख, आनन्द, खुशी, स्वस्थ र आपसी सदभावनामा रहून्।

यद्यपि प्रेममा कोही रहेन भने र दश आज्ञालाई मात्र पालन गर्ने धारणामा रह्यो भने, त्यसले हामीलाई मुक्ति दिँदैन। किनकि दश आज्ञाले पापले सजिरहेका मानव हृदयलाई परिवर्तन गर्न सक्दैन। हामी जन्मजातै पापी भएकोले हामीहरूमा आत्मिक हृदयको प्रत्यारोपण गर्नु जरुरी छ।

पढ्नुहोस्: **यर्मिया ३१:३१-३४ पढ्नुहोस्। परमेश्वरले हामीलाई नयाँ हृदय दिनुहुन्छ भनेर यसले हामीलाई के सिकाइएको छ? ती पदहरू बाहेक येशूले निकोदिमसलाई भन्नुभएका वचनहरू र पावलको वचनलाई हेर्नुहोस्** *(यूहन्ना ३:१-२१; हिब्रू ८:१०)*।

आदम र हव्वाका हृदयमा कोरिएका दश आज्ञाहरू परमेश्वरले इस्राएलीहरूलाई ढुङ्गाका पाटीहरूमा खोपेर दिनुभएको थियो *(प्रस्थान ३१:१८)*। ती दश आज्ञाहरू परमेश्वरका जनहरूका हृदयमा पनि खोपिनुपर्दछ। यथार्थमा भन्ने हो भने परमेश्वरका

प्रेमको व्यवस्था बाहिर देखाएर होइन तर हाम्रो चरित्रमा नै बुनिएको हुनुपर्दछ। केवल परमेश्वरले मात्र उहाँको व्यवस्था वा नीति मानव हृदयमा खोप्न सक्नुहुन्छ। उहाँको करारमा रहने जनहरूलाई त्यो गर्छु भनेर उहाँले प्रतिज्ञा गर्नुभएको थियो *(हिब्रू ८:१०)*।

हामी आफैको बलले दश आज्ञालाई पालन गरेर मुक्ति पाउन सक्दैनौं। बरु, विश्वासद्वारा हामीले पाएको अनुग्रहद्वारा हामी मुक्ति पाउँछौं; हाम्रो कुनै धर्मकर्मले हामीलाई मुक्ति उपलब्ध गराउँदैन तर यो त परमेश्वरको उपहार हो *(एफिसी २:८)*। हामी मुक्ति पाउन व्यवस्थालाई पालन गर्दैनौं। हामी दश आज्ञालाई पालन गर्छौं किनभने हामीले मुक्ति पाएका छौं। हामीलाई परमेश्वरले प्रेम गरोस् भनेर दश आज्ञा पालन गर्दैनौं। तर हामीलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भन्ने महसुस गरेकोमा नै उहाँका आज्ञाहरू पालन गर्छौं। यसले गर्दा हामीले परमेश्वर र अरूहरूलाई प्रेम गर्ने चाहना गर्दछौं *(यूहन्ना १४:१५ हेर्नुहोस्)*।

फेरि त्यसै समय हामी पापी हौं भनेर दश आज्ञाले नै औँल्याउँछ *(याकूब १:२२-२५; रोमी ३:२०; रोमी ७:७)*। हामीलाई मुक्तिदाताको आवश्यक छ भनेर दश आज्ञाले नै देखाउँदछ *(गलाती ३:२२-२४)*। हाम्रो जीवन कुन उत्तम मार्गमा हिँडाउनुपर्छ भनेर दश आज्ञाले नै प्रकट गर्दछ। परमेश्वरको प्रेमको चरित्रलाई दश आज्ञाले नै उघार्दछ।

**न्यायको समयमा तपाईंको आशा के हो? के तपाईं दश आज्ञाका विधिहरूलाई विधिपूर्वक पालन गर्नुभएको कारणले कि ख्रीष्टको धार्मिकताले तपाईंलाई छोपेको कारणले परमेश्वरको न्यायको आशनमा धुक्क भएर उभिन सक्नुहुन्छ? दश आज्ञाले तपाईं के गर्न सक्नुहुन्छ वा सक्नुहुन्न भनेर कसरी देखाउँदछ?**

# प्रेम नै दश आज्ञा पूरा गर्नु हो

प्रेम र व्यवस्था वा दश आज्ञाको बीचमा भएको सम्बन्धलाई जति धेरै व्याख्या गरे तापनि पुग्दैन। प्रेम गर्नु नै व्यवस्था पूरा गर्नु हो भनेर बाइबलले बताउँदछ।

रोमी १३:८-१०मा पावलले यो जिकिर गर्दछन् कि जसले प्रेम गर्छ उसले आज्ञा पालन गरेको वा पूरा गरेको ठहर्छ। दश आज्ञाका अन्तिम छ आज्ञाहरूका सूची बनाएपछि उनले निष्कर्षमा यो भन्दछन्, "संक्षिप्तमा भन्नुपर्दा, 'तिम्रो छिमेकीलाई तिमी आफैलाई जस्तो प्रेम गर्नु'" *(रोमी १३:९)*। पावलले स्पष्ट रूपमा यो सिकाउँदछ "प्रेम नै दश आज्ञा पूरा गर्नु हो" *(रोमी १३:१० रूपान्तरित)*। फेरि पावलले गलाती ५:१४मा यो बताउँदछन्, "आज्ञाका सबै वचनहरू एउटै शब्दमा पूरा गरेको हुन्छ: 'तिमीले तिम्रो छिमेकीलाई आफूलाई जस्तै प्रेम गर्नु।'" तर व्यवस्था पूरा गर्ने प्रेम के हो त? यस्तो खालको प्रेम कस्तो हुन्छ?

पढ्नुहोस्: **मत्ती २३:२३, २४ पढ्नुहोस्। व्यवस्थाका गहकिलो कुराहरू के हुन्? व्यवस्था ५:१२-१५ र यशैया ५८:१३-14 पढ्नुहोस्। उपर्युक्त पदहरू विशेष गरेर शबाथ र परमेश्‍वरको न्याय गर्ने र उद्धार गर्ने चासोलाई कसरी प्रकट गर्दछन्?**

व्यवस्थाका गहकिला कुराहरूको पहिचान येशूले न्याय, दया र विश्‍वास भनेर चिनाउनुभएको छ। शबाथको सम्बन्धमा बाइबलमा हामी यो पाउछौं कि शबाथ नै उद्धार र न्यायको अवधारणाहरूसँग बुनिएको छ।

व्यवस्था ५मा शबाथ आज्ञा इस्राएलीहरूलाई दासत्वबाट मुक्ति दिनुभएको घट्नासँगको जोडिएको छ। त्यसकारण, शबाथ सृष्टिको स्मारक मात्रै होइन तर दासत्व र दमनबाट उनमुक्ति पाउने स्मारक पनि हो। शबाथ दिन आफू खुशी रमाइलो, रमझम गरेर समय बरबाद गर्ने नभएर परमेश्‍वरमा आनन्द मनाउनुपर्छ *(यशैया ५८:१३, १४)*। यसमा प्रेमपूर्ण काम गर्न जोड दिएको छ। जे न्यायोचित छ त्यो गर्नु, असल काम गर्नु,

भोकाएकालाई खुवाउनु, घरबारबिहिनलाई घर दिनु आदि *(यशैया ५८:३-१०)*।

पापबाट मुक्त हुने शिक्षा मात्र होइन तर पापको मारमा परेकाहरूलाई राहत दिने शिक्षालाई हामीले जोड दिनुपर्दछ। प्रेम गर्दा व्यवस्था पूरा गर्नुको अर्थ हामी पापबाट जोगिन खोज्नु मात्र होइन। तर सक्रिय रूपमा निस्वार्थ भावनाले जे न्यायोचित छ, जे दया र करुणाको काम छ, त्यसमा अघि बढ्नु नै व्यवस्था पालन गर्नु हो। परमेश्वरप्रति बफादारी हुनु र अरूको कल्याणमा समावेश हुने काम वा मर्म नै धर्मको नाउँमा विधिविधान वा व्यवस्था उल्लङ्घन गरेर दोषी मनस्थितिमा पर्नुभन्दा अपार छ।

# सबैभन्दा माथि, एक आपसमा प्रेम गर्नु

यदि प्रेम नै व्यवस्थालाई पूरा गर्नु हो भने कुनै पनि मानिसले गलत कामहरू मात्र नगरेर व्यवस्थालाई पूरा गरेको हुँदैन। व्यवस्थालाई प्रकट गर्ने प्रेम नै हो भनेर बाइबलले जिकिर गर्दछ। यसले हामीलाई खराब काम नगर्न आदेश दिन्छ। परमेश्वरको प्रेमद्वारा प्रकट गर्ने कामलाई येशूभक्तले कार्यान्वयन गर्न आह्वान गर्दछ। चर्चका विश्वासीहरूलाई मात्र प्रेम देखाउने नभएर संसारका विभिन्न वर्ग, रङ्ग, जात, उमेर र लिङ्गका मानिसहरूलाई पनि प्रेम प्रकट गर्नु नितान्त आवश्यक छ। सही इसाई गवाहीको भोको संसार छ। केवल इसाईहरूले व्यवहार वा आचरणमा प्रेम देखाउन सक्यो भने त्यो भोको मात्र मेट्छ।

पढ्नुहोस्: **याकूब २:१-९मा के निर्णायक सन्देशहरू हामीलाई दिएको छ?**

समाजमा, चाहे इसाई समाज नै किन नहून्, त्यहाँ अन्याय र अत्याचार भइरहेको विरोधमा याकूबले बुलन्द आवाज उठाएका थिए। धनीहरूले आफूभन्दा विपन्न वर्गलाई दबाउने, शोषण गर्ने र हेप्ने प्रवृत्ति त अरूहरूमा त छन् नै, तर त्यो प्रवृत्ति चर्चमै जाने इसाईहरूमा पनि भएकोले याकूबले दुःख व्यक्त गरेका थिए। त्यसैकारण, प्रेमको नीति वा व्यवस्थामा ध्यान दिन उनले आह्वान गर्छन्। "तिमीहरूले यो नीति वा व्यवस्थालाई पूरा गर्‍यौ भने तिमीहरूले असलै गरेका हुन्छौ" *(याकूब २:८)*।

दिदीमाँ एलेन जी. ह्वाइटले यसबारे यसरी व्यक्त गर्दछिन्, "मानिस प्राणीलाई प्रेम गर्नु नै यस पृथ्वीमा परमेश्वरको प्रेमलाई प्रकट गर्नु हो। यही प्रेमको अवधारण मानव परिवारको प्रवृत्तिमा रोप्न नै महिमाका राजा हामीमा एक हुन आउनुभयो। उहाँले यस पृथ्वीबाट जानुभन्दा अघि बिदाइका यी वचनहरू बोल्नुभएको थियो, 'जसरी मैले तिमीहरूलाई प्रेम गरेको छु त्यसरी नै तिमीहरूले एक आपसमा प्रेम गर' (यूहन्ना १५:१२)। जसरी उहाँले हामीलाई प्रेम गर्नुभयो, जब हामीले त्यसरी नै यस पृथ्वीका बासिन्दाहरूलाई प्रेम गर्छौं तब हाम्रो निम्ति उहाँको लक्ष्य पूरा भएको हुन्छ। हामीहरू स्वर्गमा जान योग्य हुन्छौं किनभने हामीमा नै स्वर्गको उपस्थित भइरहेको हुन्छ।"–*द डिजाएर अभ एजेज*, पृ. ६४१।

यो कस्तो महान् र प्रभावकारी विचार जो येशूका पछि लाग्छु भनेर सेभेन्थ-डे एड्भेन्टिस्टहरूका सामु व्यक्त गरिएको हो? "जब हामीले पृथ्वीका मानिसहरूलाई येशूले जस्तै प्रेम गर्न सक्यौं, *हामीलाई स्वर्गमा रहन योग्य बनाइन्छ*"!।

येशूले अर्ति होइन, उहाँका भक्तहरूलाई यो आदेश दिनुहुन्छ, "मैले तिमीहरूलाई प्रेम गरेको जस्तै तिमीहरूले पनि एक आपसलाई प्रेम गर" *(यूहन्ना १३:३४)*। येशूले यो पनि थप्नुहुन्छ, "यदि तिमीहरू एक आपसलाई प्रेम गर्छौ भने संसारका मानिसहरूले तिमीहरू मेरा भक्तहरू हौ भनेर चिन्न सक्नेछ।" *(यूहन्ना १३:३५)*। येशूभक्तको जीवन, आस्था र निष्ठाको केन्द्रबिन्दु प्रेम हो किनकि परमेश्वर आफै प्रेम हुनुहुन्छ। *(१ यूहन्ना ४:८, १६)*। त्यसकारण, जो मानिसहरूले परमेश्वरलाई प्रेम गर्छु भन्छ वा उहाँका भक्तहरू हौं भनेर दाबी गर्छन्, तिनीहरूमा प्रेमको बीजारोपण गरेर प्रेमलाई उमार्नै पर्दछ *(यस सन्दर्भमा १ यूहन्ना ३:११ र ४:२०, २१ पनि पढ्नुहोस्)*।

यसरी नै १ पत्रुस ४:८मा पत्रुसले येशूभक्तहरू हौं भनेर स्वीकार गर्नेहरूलाई यो अर्ती दिन्छन्, "सबैभन्दा बढ़ी एक-अर्काप्रति तिमीहरूको प्रेम अटूट रहोस्। किनकि *प्रेमले नै असंख्य पापहरू ढाक्तछ*" *(हिब्रू १०:२४ र १ थेसलोनिकी ३:१२ पदहरूलाई पनि हेर्नुहोस्)*।

**येशूले संसारलाई कसरी प्रेम गर्नुभयो त्यसरी नै हामीले पनि प्रेम गर्नुपर्छ भन्ने येशूका वाणीमा अझ ध्यान दिनुहोस्। यसले इसाई हुनुको परिपक्वताको अवधारणालाई कसरी बुझाउँछ? अनन्त जीवनमा हामी योग्य हुन हामीले के गर्नुपर्ने रहेछ? चिन्तन गर्नुहोस्।**

**थप जानकारी:** द *डिजाएर अभ एजेज*, पृ. ६३७-६४१का "द लिस्ट अभ दिज माइ ब्रेदरेन" भन्ने अध्याय पढ्नुहोस्।

"जो मानिसहरूले अरूहरूलाई सेवा गर्छन्, तिनीहरूलाई मूल गोठालाले सेवा गर्नुहुन्छ। तिनीहरू आफैले जीवित मुहानबाट जीवित पानी पिइरहेका हुन्छन्। तिनीहरू सन्तुष्ट हुनेछन्। तिनीहरू उत्तेजित पार्ने रमझममा लाग्न चाहना गर्दैनन्, वा तिनीहरूका जीवनमा केही भारी परिवर्तन हुन तिनीहरू पर्खिरहँदैनन्। तिनीहरूले गर्ने चर्चाका ठूलो चासो नै निराश र पापमा परेर नाश हुन लागेकाहरूलाई कसरी उद्धार गर्ने भन्ने हुन्छ। तिनीहरूले गर्ने सामाजिक भेटघाट पनि फाइदाजनक हुन्छ। प्रभु येशू ख्रीष्ट मुक्तिदाताप्रतिको प्रेममा आकर्षित भएर उहाँका भक्तहरूको हृदय एक आपसमा एक हुन जान्छन्।

"जब हामी परमेश्वरका सहकर्मी भएको महसुस गर्दछौं तब उहाँका प्रतिज्ञाहरूप्रति शङ्काले हेर्नेछैनौं। ती प्रतिज्ञाहरूले हाम्रा हृदयलाई जलाउनेछन् र हाम्रा बोल्ने ओठहरूलाई चम्काइदिन्छन्। अज्ञानी, अनुशासनविहीन र विद्रोही परमेश्वरका जनहरूको सेवा गर्न मोशालाई परमेश्वरले बोलाउनुहुँदा उहाँले यो प्रतिज्ञा दिनुभएको थियो, 'तिमीसँग मेरो उपस्थिति हुनेछ र तिमीलाई म विश्राम दिनेछु।' प्रस्थान ३३:१४; ३:१२। येशूका निम्ति दुःख र कष्ट पाएकाहरूलाई सेवा र परिश्रम गर्ने सबैलाई पनि त्यो प्रतिज्ञा दिएको हो।" –द *डिजाएर अभ एजेज*, ६४१।

**छलफलको लागि प्रश्नहरू:**

**१. हामी कस्तो येशूभक्त हुनुपर्छ भनेर १ कोरिन्थी १३ले कसरी बुझाउँदछ? १ कोरन्थी १३:४-८ पढ्नुहोस्।**

**२. मत्ती २५:३१-४६ अनुसार बाख्राहरूबाट भेडाहरूलाई कसरी अलग गरिन्छ? मुक्ति भनेको हाम्रो धर्मकर्म वा क्रियाकलापले होइन भनेर येशूले हामीलाई कसरी सिकाउन खोज्नुभएको छ?**

**३. "जसरी उहाँले हामीलाई प्रेम गर्नुभयो, जब हामीले त्यसरी नै यस पृथ्वीका बासिन्दाहरूलाई प्रेम गर्छौं तब हाम्रो निम्ति उहाँको लक्ष्य पूरा भएको हुन्छ।" यसको अर्थ के हो? परमेश्वर र स्वर्गको स्वभाव यस धारणाले कसरी प्रकट गर्दछ? यस पापी, दुष्ट र अन्यायी पृथ्वीमा परमेश्वरका नागरिकहरू भएर कसरी बाँच्न सक्दछौं? दबिएका, शोषणमा परेका, पीडामा परेका र अन्यायमा**

परेकाहरूको निम्ति न्याय दिलाउँदा हामीले परमेश्वरको प्रेम फैलाइरहेका हुन्छौं भनेर हामीले कसरी बुझ्ने?

४. तपाईंको स्थानीय चर्चले तपाईंको स्थानीय समाजमा आवश्यक भएको प्रेम र न्यायप्रति चासो देखाउँदा तपाईंले परमेश्वरको प्रेमलाई प्रतिबिम्बित गरिरहनुभएको छ भनेर देखाउन कुन व्यवहारिक कदमहरू चाल्न सक्नुहुन्छ? तपाईंको येशूभक्तको जीवनमा के सुधार हुनु आवश्यक छ र कसमा लक्षित हुनु आवश्यक छ? व्यक्तिगत र सामुहिक तवरले परमेश्वरको न्याय र प्रेमलाई प्रदर्शन गर्ने के ठोस कदमहरू चाल्न सक्नुहुन्छ?

# मूर्तीको अगाडि ढोग्नु

*लेखक:* आन्ड्र्यु मेकचेस्ने

कसैको आदर वा सम्मान पाउनु र कसै प्रति श्रद्धा देखाउनु के हो सो मरियालाई थाहा थियो। उनी गीति नाटक समूहकी गायिका थिइन्। उनले आफ्नो देश र अरू देशहरूका मूख्य गीति नाटकहरूमा गीत गाएकी थिइन्। उनले धेरै पुरस्कारहरू पाएकी थिइन्।

तर उत्तर कोरियामा उनले देख्न लागेको श्रद्धाको निम्ति भने उनी कहिल्यै पनि तयार भएकी थिइनन्। त्योचाहिँ उनको कार्यक्रमको निम्ति उनले पाउनुपर्ने सम्मान थिएन। तर ७२ फुट वा २२ मिटर अल्गो उत्तर कोरियाको संस्थापकको ढलौतको शालिकको सामु श्रद्धा देखाउन वा ढोग्न चुनौति उनले सामना गर्नुपरेको थियो।

मरिया वफादारी सेभेन्थ-डे एडभेन्टिस्ट थिइन्। उनको सुरक्षाको निम्ति एड्भेन्टिस्ट मिसनले उनको वास्तविक नाउँ र राष्ट्रियता उल्लेख गरिएको छैन। जुम इन्टरभ्युमा उनले एड्भेन्टिस्ट मिशनसँग उनले कुराकानी गरेकी थिइन्।

उनी र उनका अरू गीति समूहका सदस्यहरू उत्तर कोरियामा पर्यटकको रूपमा गएकी थिइन्। त्यस बेला तिनीहरू भव्य ऐतिहासिक स्मारक वा मानसु हिल ग्राण्ड मोनुमेन्ट गएका थिए। त्यस स्मारकमा पोङ्गयाङ्गको क्रान्तिकारी इतिहासका योद्धाहरूका शालिकहरू थिए। ती शालिकहरूको बिचमा ७२ फुट अल्गो किम दुई सुन्गको शालिक थियो। पछि उनको छोरा किम जुङ्ग दोस्रोका शालिक उभ्याइएको थियो।

हुलका हुल मानिसहरू किम दुई सुङ्गको शालिक वरिपरि जम्मा भएको थियो। इटाली, फ्रान्स र अरू देशका विदेशीहरू थिए। उत्तर कोरियाका मानिसहरू पनि त्यहाँ जम्मा भएको मरियाले देखेकी थिइन्। ती सबैले त्यस शालिकको अगाडि झुके। उनी पनि झुक्न अपेक्षा गरिएको थियो। उनको दोभाषेले उनको समूहले ढोग्नुपर्छ भनेर बताए। मरियाको दिमागले पहिलो आज्ञालाई याद गरायो। "मबाहेक अरू कुनै देवता-देवीहरू नमान्नू" भनेर त्यसमा उल्लेख गरिएको छ *(प्रस्थान २०:३)*। सबैको भिडियो खिचिरहेको उनले देखिन्। आफू समस्यामा पर्न नचाहेको उनले सोचिन्।

जब उनी त्यहाँ ठिङ्ग उभिरहे तब उनले शद्रक, मेशक र अबेद्नगोको कथाको याद गरिन्। तिनीहरूलाई पनि राजा नेबूकदनेसरको ९० फुट अल्को सुनौलो मूर्तिको सामु ढोग्न अह्राउँदा तिनीहरू नढोगेका उनले याद गरिन्। यो कथा दानिएल ३मा उल्लेख गरिएको छ। उनले सोचिन्, *"दानिएलको किताब पौराणिक दन्त्यकथा त होइन। त्यही दृश्य आज मैले सामना गर्नुपरेको छ।"* उनी अल्गो भएर ठिङ्गै उभिरहिन्।

कतिले त्यो किमको व्यक्तित्वको सम्मान गर्ने संस्कार हो भनेर त्यसको सामु झुग्दा केही फरक पर्दैन भनेर सोच्छन् होला। तर मरियाको अगाडि त्योभन्दा ठूलो अर्थ थियो। सार्वजनिक रूपमा त्यस शालिकको पूजा गर्न उनलाई आह्वान गरिएको उनलाई महसुस भएको थियो।

धेरै दिन पछि उत्तर कोरिया छोड्नुभन्दा पहिले उनको दोभाषेलाई *स्टेप्ट टु क्राइस्ट* पुस्तक दिइन्। उत्तर कोरियाककी दोभाषेले येशूको बारेमा सिकून् भनेर उनले प्रार्थना गर्छिन्। येशूलाई मात्र श्रद्धा देखाउनुपर्ने उनको माग थियो।